मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २७९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक १६ गते आइतबार ❑ 2 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## प्रधानमन्त्री कार्कीद्वारा कांग्रेस महामन्त्रीद्वयसँग निर्वाचनबारे परामर्श

**रासस**
काठमाडौं, १५ कार्तिक

प्रधानमन्त्री सुशीला कार्कीले विभिन्न राजनीतिक दलका नेताहरूसँग निर्वाचनका विषयमा परामर्श जारी राख्नुभएको छ। यसै सन्दर्भमा शनिबार उहाँले नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मासँग छलफल गर्नुभएको छ।

छलफलका क्रममा प्रधानमन्त्री कार्कीले आगामी फागुन २१ गतेका लागि तोकिएको निर्वाचनबारे हालसम्म सरकार र राजनीतिक दलका तर्फबाट भएका तयारी तथा आगामी दिनमा गर्नुपर्ने कामका विषयमा छलफल गर्नुभएको प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठले जानकारी दिनुभयो। प्रधानमन्त्री कार्कीले निर्वाचनमा राजनीतिक दलको स्पष्ट प्रतिबद्धता आउनुपर्नेमा जोड दिनुभएको छ। सो क्रममा महामन्त्रीद्वयले भन्नुभयो, "औपचारिक निर्णय गर्न बाँकी भए पनि कांग्रेस निर्वाचनमा जान प्रतिबद्ध छ। शीघ्र यसबारे आधिकारीक निर्णय पनि गर्छौं। नेपाल कम्युनिष्ट पार्टी (एमाले) पनि राष्ट्रलाई निकास दिनका लागि निर्वाचनबाट भाग्न सक्दैन भन्ने विश्वास छ। एमालेलाई सहमतिमा ल्याउन सरकारले पनि थप प्रयास गर्नुपर्ने देखिन्छ। हामी पनि प्रयासरत छौँ।" उहाँहरूले आफ्नो पार्टीले जेनजी युवासहित अन्य दलसँग पनि शीघ्र निर्वाचनलगायत समसामयिक विषयमा गहन संवाद गर्ने बताउनुभयो। महामन्त्रीद्वय थापा र शर्माले जेनजी युवालगायत सबै राजनीतिक दलसँग गहन छलफल गरेर युवा आन्दोलनका मागलाई निर्वाचन अघि केकसरी सम्बोधन गर्न सकिन्छ र निर्वाचनपछिको संसद्को पहिलो बैठकले केके निर्णय गर्ने भन्ने विषयमा अहिले नै सहमति गरेर जानुपर्ने धारणा राख्नुभएको थियो।

प्रधानमन्त्री कार्कीले एमाले नेतालाई पनि छलफलका लागि बोलाउनुभएको उहाँको सचिवालयले जनाएको छ। आज एमाले सचिवालय बैठक भएकाले छलफल अर्को दिन गर्ने एमाले नेतृत्वले बालुवाटारमा जानकारी गराएको प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव श्रेष्ठले जानकारी दिनुभयो।

प्रधानमन्त्री कार्कीले यसअघि पनि विभिन्न चरणमा फरकफरक दलका नेताहरूसँग छलफल गर्नुभएको थियो। प्रधानमन्त्रीकै आह्वानमा यसअघि सरकार, राजनीतिक दल र जेनजी युवाबीच त्रिपक्षीय संवाद पनि भइसकेको छ।

## एमालेको ११औँ राष्ट्रिय महाधिवेशन काठमाडौँमा

**रासस**
काठमाडौं, १५ कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ११औँ राष्ट्रिय महाधिवेशन काठमाडौँमा हुने भएको छ।

पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा आज भक्तपुरको गुण्डुमा बसेको सचिवालय बैठकले पोखराको सट्टा काठमाडौँमा महाधिवेशन गर्ने निर्णय गरेको एमाले उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिनुभयो। एमालेको गत असोज २९ देखि ३१ गतेसम्म काठमाडौँमा बसेको केन्द्रीय कमिटी बैठकले आगामी मङ्सिर २७ देखि २९ गते पोखरामा महाधिवेशन गर्ने निर्णय गरेको थियो। यसअघि पार्टीको नवौँ महाधिवेशन पनि काठमाडौँमा गरिएको थियो भने १०औँ राष्ट्रिय महाधिवेशन २०७८ मङ्सिरमा चितवनमा गरिएको थियो। पार्टीको ११औँ महाधिवेशनमा करिब दुई हजार १०० जना प्रतिनिधि सहभागी हुने भएका छन्। शनिबार बसेको सचिवालय बैठकले महाधिवेशनका लागि प्रतिनिधि चयनको मापदण्ड बनाउँदै करिब दुई हजार १०० जना प्रतिनिधि सहभागी हुने निर्णय गरेको उपमहासचिव प्रदीप जानकारी दिनुभयो। महाधिवेशनका लागि मङ्सिर १३ गते एकैदिन देशैभर प्रतिनिधि चयन गरिने उहाँले बताउनुभयो। उपमहासचिव ज्ञवालीका अनुसार केन्द्रीय कमिटीका ३५४ जना, अनुशासन आयोगबाट २९, केन्द्रीय लेखा आयोगका ३०, केन्द्रीय निर्वाचन आयोग र केन्द्रीय सल्लाहकार परिषद्बाट २५/२५ जना प्रतिनिधि हुनेछन्। यस्तै, महाधिवेशनका लागि करिब ९०० जना प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला कमिटी र प्रदेश कमिटीबाट सहभागी हुनेछन्। विशेष जिल्लाबाट ४७, दलितबाट ८१, ट्रेड युनियनबाट ४९, प्रवासबाट ३०, केन्द्रीय विभाग र पार्टीको केन्द्रीय कार्यालयबाट ३३ र २३ वटा जनसङ्गठनबाट १२७ जना महाधिवेशनमा प्रतिनिधि हुने पनि जनाइएको छ। महाधिवेशनका लागि छ लाख ६७ हजार ६३० जना पार्टी सदस्यबाट नै विभिन्न अनुपातमा प्रतिनिधि चयन गरिने उपमहासचिव ज्ञवालीले बताउनुभयो। प्रतिनिधि चुनिएको विवरण मङ्सिर १५ गते साँझसम्म पार्टी केन्द्रीय कार्यालयमा पठाइसक्न अनुरोध गरिएको बताउनुभयो। मुख्यतः प्रतिनिधिसभा निर्वाचन क्षेत्रलाई आधार मानेर प्रतिनिधि चयन हुनेछन्। एउटा निर्वाचन क्षेत्रमा एक हजार २०० पार्टी सदस्य बराबर दुई जना खुला, एक जना महिला र एक जना ४० वर्षमुनिका युवा गरेर चार जना प्रतिनिधि छनौट हुनेछन्। त्यसबाहेक हरेक ८०० जना सदस्य सङ्ख्या बराबर थप एक जना प्रतिनिधि चयन हुनेछन्। यसरी चुनिनेमा महिला हुनेछन्। महाधिवेशनमा सहभागी हुने प्रतिनिधि एक तिहाइ महिला सुनिश्चित गरिने उपमहासचिव ज्ञवालीले बताउनुभयो। यस्तै, हरेक ५०० जना दलित सदस्य सङ्ख्या बराबर एक जना दलित, आरक्षण क्षेत्रमा ट्रेड युनियनबाट दुई जना खुलासहित सात जना प्रतिनिधि चयन हुने पनि उहाँले जानकारी दिनुभयो। यस्तै, प्रत्येक जनसङ्गठनबाट दुई जना खुलासहित पाँच जना अनिवार्य हुनेछन्। महासङ्घको ढाँचामा रहेका जनसङ्गठबाट सात जना, हरेक ३२ वटा विभागबाट एक/एक जना प्रतिनिधि चयन हुनेछन्। प्रदेश कमिटीबाट तीन खुला र दुई जना महिला गरेर पाँच जना प्रतिनिधि चयन हुनेछन्। प्रवासमा प्रत्येक छ वटा प्रदेशस्तरका कमिटीबाट पाँच जनाका दरले प्रतिनिधि छनोट हुनेछन्।

उपमहासचिव ज्ञवालीले ती प्रतिनिधिमा करिब पाँच प्रतिशत नबढ्ने गरी आवश्यकताअनुसार पार्टीले प्रतिनिधि मनोनयन गर्ने बताउनुभयो। यसैगरी पार्टीले संविधान र लोकतन्त्रको रक्षाका लागि जनपरिचालन र काठमाडौँमा मङ्सिर ६ गते जनसभा गर्ने निर्णय गरेको छ। यस्तै, कात्तिक २२ गते वडास्तरमा भेला, कात्तिक २५ गते पालिकास्तरीय जनप्रदर्शन, कात्तिक २९ गते जिल्लास्तरीय जनसभा गर्ने निर्णय गरिएको उपमहासचिव ज्ञवालीले जानकारी दिनुभयो। यस्तै, बैठकमा गत भदौ २० देखि २२ गतेसम्म विधान महाधिवेशनमा प्रस्तुत गरिएका दस्ताबेजलाई सुझावसहित अन्तिम रूप दिने निर्णय गरेको छ। कात्तिक २० गतेसम्म प्रतिवेदनलाई अन्तिम रूप दिएर प्रकाशन गरिने जनाइएको छ।

## पोखरामा हरि बोधनी एकादशी धुमधामका साथ मनाईयो

**पोखरापत्र संवाददाता**
पोखरा, १५ कार्तिक



पोखरामा पनि शनिबार हरिबोधनी एकादशी पर्व धुमधामका साथ मनाइएको छ।

भगवान बिष्णुका भक्तहरुले भजनकृतनको साथमा पोखरा रामघाटको तुल्सीघाटमा सेतीनदीमा स्नान सहित फुल तारेर, तुल्सीघाट किनारामा तुल्सी रोपेर पुजा गरी यो पर्व धुमधामका साथ मनाउनु भएको हो। पोखराको रामघाट तथा तुल्सीघाटमा भक्तजनहरुको विहानै देखि भिडभाड भएको नयाँबजार रामघाट धार्मिक क्षेत्र विकास समितिले जनाएको छ। तुल्सीघाट जाने बाटोमा शिव लिङहरु हालै निर्माण भएकोले बिष्णुका भक्तहरुले दुध समेत चढाउनु भएको छ। पोखरा र पोखरा आसपासका भक्तजनहरु झाँकीमा भजनकृतको साथमा फुल सहित तुल्सी घाट पुग्नु भएको हो। पन्चे बाजाको साथमा केही स्थानमा भक्तजनहरु रमाउदै नाच्नु भएको थियो। तुल्सी घाट क्षेत्रमा यस बर्ष पक्की पुल समेत निर्माण भएकोले गर्दा फुल तार्ने भक्तजनहरुलाई धेरै सहज भएको पोखरा ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानीले बताउनु भयो। १ सय ८ शिव लिङ्ग, गणेश मन्दिर, ५ वटा ढुंगे धारा, गार्डेन मर्मत लगायतको संरचना निर्माणमा पोखरा महानगरपालिकाले सहयोग गरेको उहाँले जनाउनु भयो। शनिबार कार्तिक शुक्ल एकादशी अर्थात हरिबोधनी एकादशी तुलसीसँग विष्णुको विवाह र विशेष पूजा गरी यष पर्व देशै भरी मनाइएको छ। हरिशयनीदेखि हरिबोधनी एकादशीका दिनसम्म चार महिना विष्णुका भक्तले तुलसीको व्रत गरी विशेष पूजा गर्ने पण्डित गणेश रेग्मीले बताउनु भयो। पोखरा र पोखरा आसपास सहित कास्कीका केही छिमेकी जिल्ला तनहुँ, स्याङजा, पर्वत लगायतका भक्तजनहरु समेत तुल्सी घाटमा आउनु भएको छ।

## मनासलु क्षेत्रमा घाइते भएका पर्यटकको उद्धार

**पोखरापत्र संवाददाता**
गोरखा, १५ कार्तिक

मनास्लु क्षेत्र भ्रमणका क्रममा भीरबाट खसेको ढुङ्गा लागेर गम्भीर घाइते भएका पर्यटकको आज हेलीद्वारा उद्धार गरिएको छ।

बिहीबार चुमनुब्री गाउँपालिका-१ सामागाउँबाट फर्कँदा ढुङ्गाले टाउकोमा लागेर घाइते भएका झापाका मिनुइन्द्र लम्सालको तीनदिनपछि उद्धार गरिएको हो। प्रतिकूल मौसमका कारण हेलिकोप्टर जान नसकेर उद्धारमा ढिलाइ भएको चुमनुब्री गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले बताउनुभयो।घाइतेलाईशनिबारदिउँसो सिम्रिक एयरको हेलीमार्फत उद्धार गरी काठमाडौँ पठाएको उहाँले जानकारी दिनुभयो। टाउकोमा गम्भीर चोट लागेका लम्सालको बिही स्वास्थ्य चौकीमा प्राथमिक उपचार गरिरहेको थियो।

बिहिबार बिहान सामागाउँबाट फर्कँने क्रममा चुमनुब्री-४ बुर नजिकैको पहिरोमा भीरबाट खसेको ढुङ्गाले टाउकोमा लागेर ४४ वर्षीय लम्साल गम्भीर घाइते हुनुभएको थियो। उहाँसँगै विशाल लम्साल र दीपेन्द्र न्यौपाने पनि रहेकामा दुवै जना सकुशल रहेका प्रमुख प्रशासकीय अधिकृत लामिछानेले जानकारी दिनुभयो।


कर्मचारी आवश्यकता

यस कालिका पब्लिक कलेज पोखरा-१० रामबजारलाई तपशिल अनुसार कर्मचारी आवश्यक परेकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकलाई सूचना प्रकाशित मितिले ७ दिनभित्र कार्यालय समयमा कलेजमा उपस्थित भई आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

पद : कार्यालय सहायक
शैक्षिक योग्यता : १०+२
उमेर : ४० वर्ष ननाघेको
पद : कार्यालय सहयोगी
शैक्षिक योग्यता : साधारण लेखपढ गर्न जान्ने
उमेर : ४० वर्ष ननाघेको
दरखास्त आइपुग्ने अन्तिम मिति :
२०८२ साल कार्तिक २१ गते शुक्रबार कार्यालय समयसम्म।

विस्तृत जानकारीका लागि:
त्रिभुवन विश्वविद्यालय कालिका पब्लिक कलेज पोखरा २०६४
कालिका पब्लिक कलेज
पोखरा-१० रामबजार
फोन नं. ०६१-५५२०३५, ४३४१४१
email: kalikapubliccollege@gmail.com


## बेनी-दरवाङ सडक सञ्चालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ कार्तिक

म्याग्दीको पश्चिमी क्षेत्रका तीन वटा स्थानीय तहलाई जिल्ला सदरमुकाम बेनीबजारसँग जोड्ने बेनी-दरवाङ सडक तीन दिनपछि सञ्चालनमा आएको छ।

बेनी नगरपालिका-४ र मङ्गला गाउँपालिका-२ को सिमानामा पर्ने फापरखेत (घुमाउने)मा खसेको पहिरोका कारण मङ्गला, मालिका र धवलागिरी गाउँपालिकाको बिहिबारदेखि सदरमुकाम बेनी बजारसँग यातायात सम्पर्क बिच्छेद भएको थियो। पूर्वाधार विकास कार्यालय म्याग्दीले आज पहिरो पन्छाएपछि यातायात सञ्चालन भएको कार्यालय प्रमुख बिष्णु


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# भूपू खेलाडी मञ्चको मासिक दौड, कर्पोरेट दौडमा अर्जुन र अनितालाई उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, १५ कार्तिक



पोखरा अन्तराष्ट्रिय म्याराथनको आयोजक संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चको आयोजनामा पोखरामा मासिक तथा सप्ताहिक दौड प्रतियोगिता सम्पन्न भएको छ।

शनिबार भएको बिभिन्न बिधाको दौड अन्तरतगर्त ५ किमि कर्पोरेट पुरुष दौडमा एनएमबि बैंकका अर्जुन गुरुङ पहिलो भए उनले निर्धारित दुरी १९ मिनेट २७:२२ सेकेन्डमा पुरा गर्दा ग्रीन डेभल्मेन्ट बैंकका अमृत थापा दोस्रो भए उनले निर्धारित दुरी १९ मिनेट ५९:७५ सेकेन्डमा पुरा गरे भने सोहि बैंकका अनुप केसी तेस्रो भए उनले निर्धारत दुरी २० मिनेट १२:८३ सेकेन्डमा पुरा गरे भने चौथो स्थानमा मुक्तिनाथ बिकास बैंकका रामचन्द्र रानाभाट र राइटफर चिल्ड्रनका लेखनाथ लामिछाने पाचौँ स्थान प्राप्त गरे।

त्यस्तै ५ कि.मी कर्पोरेट महिला दौडमा मुक्तिनाथ बिकास बैंककि अनिता गुरुङ पहिलो भइन उनले निर्धारित दुरि २७ मिनेट २० सेकेन्डमा पुरा गरिन, दोस्रो भएकि एनआइएमबि बैंककि सुजिता मास्केले निधारित दुरि २८ मिनेट १२ सकेन्डमा पुरा गरिन त्यस्तै तेस्रो भएकि सांङग्रिला विकास बैंककि मिना गुरुङले निधातिर दुरि २८ मिनेट २३ सेकेन्डमा पुरा गरिन् भने एनआईसि एसिया बैंककि समि पुन चौथो र सांङग्रिला बैंककै सुजिता बिकले पाचौँ स्थान प्राप्त गरिन्।

यस्तै ५ कि.मी छात्रा दौडमा एन्जिला जिटि पहिलो,रोशनि नेपाली दोस्रो,साबुगि शर्माले तेस्रो स्थान प्राप्त गर्न सफल हुदा छात्र ५कि.मी तर्फ ईर्श्वर पुर्जा पहिलो,नत्रराज धमला दोस्रो र सुस्मान ढुंङ्गानाले तेस्रो स्थान हासिल गरे । ५ कि.मी खुल्ला महिला तर्फ गिता कायस्प पहिलो,रश्मी श्रेष्ठ दोस्रो हुदा बिन्दु थापा मगरले तेस्रो स्थान प्राप्त गर्न सफल भइन् । यसै गरि ५ कि.मी खुल्ला पुरुष तर्फ हेमन्त चौधरी पहिलो इमोन गुरुङ दोस्रो र सफल लामाले तेस्रो स्थान प्राप्त गरे ।

यस अघिसो दौडको शुभारम्भ कार्यक्रममा प्रमुख अतिथि पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष गोकण कार्कीले गरेका थिए । कार्यक्रम नेपाल भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष दिल बहादुर गुरूङको अध्यक्षतामा भएको थियो।

विजेता खेलाडीहरुलाई मञ्चका अध्यक्ष गुरूङ,संस्थापक अध्क्षय खड्क रानाभाट मासिक दौडका संयोजक तेजबहादुर गुरूङ, मञ्चका निवर्तमान अध्यक्ष हरिप्रसाद पराजुली, सचिव महेश पौडेल, पोखरा उद्योग बाणिज्य संघका माहासचिव शोभा गौतम पोखरामा रहेका बिभिन्न बित्तीय संस्थाका प्रमुख लगायतले मेडल, प्रमाणपत्र र गिफ्ट ह्याम्पर प्रदान गरेका थिए । दौडमा बिभिन्न कर्पोरेट हाउसका प्रतिनिधिहरु,बिद्यालयका बिद्यार्थीहरुका उल्लेख सहभागिता रहेको थियो। नेपाल भूतपूर्व खेलाडी मञ्चले पोखरामा हरेक बर्ष सफल पोखरा अन्तराष्ट्रिय म्याराथन प्रतियोगिता गर्दै आइरहेको छ यो बर्ष भने रजत बर्ष अन्तरर्गत रहेर १२ महिना १२ कार्यक्रम गरिरहेको छ।



पोखराको रामघाटमा भक्तजनको घुइँचोः
हरिबोधनी एकादशीका दिन शनिबार पोखराको रामघाटस्थित सेती नदी किनारमा स्नान र तुलसी पूजाआजा गर्न आउने भक्तजनको घुइँचो । तस्बिरः पोखरापत्र

# रंगशालामा आउँदो शुक्रबार नेपथ्यको प्रस्तुति

**पोखरापत्र संवाददाता**
पोखरा, १५ कार्तिक

नेपाल प्रिमियर लिग (एनपिएल) का फ्रेन्चाइज टिम पोखरा एभेन्जर्सले चर्चित सांगीतिक समूह नेपथ्यको कन्सर्ट आयोजना गर्ने भएको छ।

'क्रिकेटका लागि नेपथ्य' भन्ने नारासहित कार्यक्रम आउँदो शुक्रबार (नोभेम्बर ७ / कार्तिक २१ गते) पोखरा रंगशालाको फुटबल स्टेडियममा हुने भएको हो। क्रिकेटलाई संगीतसँग जोड्ने उद्देश्य सहित यो कन्सर्टको आयोजना गरिएको पोखरा एभेन्जर्सका अध्यक्ष सुबोध त्रिपाठीले जानकारी दिनुभयो । उहाँका अनुसार, कन्सर्टका लागि छुट्टै टिकट राखिएको छैन । "पोखरा एभेन्जर्सको जर्सी खरिद गर्ने समर्थकले नै कन्सर्टमा प्रवेश पाउनेछन्," अध्यक्ष त्रिपाठीले भन्नुभयो । "क्रिकेटको विकासका लागि लिजेन्ड नेपथ्यसँग सहकार्य गर्न पाउनु हाम्रो लागि गर्वको कुरा हो ।" कन्सर्टमा सहभागी हुन इच्छुक समर्थकहरूले नेपथ्यको आधिकारिक वेबसाइटमार्फत पोखरा एभेन्जर्सको जर्सी खरिद गर्न सक्नेछन्। जर्सीको नियमित मूल्य रु. १४९९ भए पनि कन्सर्टका लागि पहिलो १,००० जनालाई रु. ९९९ मा जर्सी उपलब्ध गराइने आयोजकको योजना छ । अध्यक्ष त्रिपाठीका अनुसार, कन्सर्टबाट संकलित रकमले गण्डकी प्रदेशका सामुदायिक विद्यालयहरूमा क्रिकेट किट वितरण गर्ने उद्देश्य राखिएको छ । यसअघि, मङ्सिर १ गतेदेखि सुरु हुने एनपिएलको दोस्रो संस्करणको तयारी स्वरूप पोखरा एभेन्जर्सको ट्रफी टुर चलिरहेको छ। ट्रफी पोखरा प्रदर्शनीका क्रममा नेपथ्यका प्रमुख गायक अमृत गुरुङले पोखराको खेलकुद इतिहास स्मरण गर्दै क्रिकेटले नेपालको नाम उचो पार्ने काम गरेको बताउनु भयो । "पचास वर्षअघि पोखरामा खेलकुदका पूर्वाधार थिएनन्। आज रंगशाला बनेको देख्दा गर्व लाग्छ। नेपाल क्रिकेटले ठूलो प्रगति गरेको छ – अब हाम्रो लक्ष्य विश्वकप जित्ने स्तरमा पुग्नु हुनुपर्छ।" उहाँले भन्नुभयो।

पोखरा रंगशालाको एक अर्ब २८ करोडको लागतमा निर्माण भएको पोखरा फुटवल स्टेडिएम बर्षमा एक पटक आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिता बाहेक अन्य खासै प्रतियोगिताहरु नहुदा पोखराका खेलकुदकर्मीहरुले राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरु समेत आयोजना गर्न माग गर्नु भएको छ।

# वर्षाका कारण धान भित्र्याउन किसानलाई समस्या

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ कार्तिक



खेतमा पाकेको धान भित्र्याउने समयमा भएको वर्षातका कारण म्याग्दीका कृषक चिन्तित भएका भएका छन् ।

दसैँतिहार पर्व मनाएपछि खेतबारीमा पाकेको धान र कोदो भित्र्याउने कृषकको तयारीलाई बेमौसमी झरिले प्रभावित बनाएको हो । म्याग्दीका खेतमा धान र बारीमा कोदो पाकेर भित्र्याउने समय भएको छ । खेतबारीमा रहेको धानकोदो वर्षासँगै हावाहुरीले लडाउँदा उत्पादनमा असर पर्नुका साथै भित्र्याउनका लागि काटेर सुकाएको बाली र नलपराल पानीले भिजेपछि चिन्तित भएको मङ्गला गाउँपालिका-२ रणवाङ्का कृषक लक्षिन बहादुर मल्लले बताउनुभयो । मङ्गला गाउँपालिका-२ सिमका कृषक ध्रुब खत्रीले वर्षातका कारण खेतमा पाकेको धान काट्न नपाएको बताउनुभयो । गत वर्ष १०० मुरी धान फलाएका खत्रीले यसपाली उत्पादन घट्ने बताउनुभयो । कतिपय कृषकले काटेको धान खेतमै पानीले भिजेको छ। पानीले खेतमै धान र पराल कुहिने चिन्ता कृषकलाई छ। रोप्ने समयमा पर्याप्त वर्षा भएको, रोग, किरा नदेखिएको र तिहार अघिसम्मको मौसम अनुकुल हुँदा धानको उत्पादन बढ्ने कृषकको अपेक्षा थियो । माथिल्लो क्षेत्रका कृषकले स्थानीय जातको धान दसैँ र तिहारबीचमा भित्र्याएका थिए। बेसीका खेतमा तिहारलगत्तै धान काट्न थालेका थिए । जिल्लामा तीन हजार ८०६ हेक्टर क्षेत्रफलमा धान खेती हुन्छ। कृषि ज्ञान केन्द्र, म्याग्दीका अनुसार गत वर्ष भएकोमा १२ हजार ९७८ दशमलब पाँच मेट्रिक्टन उत्पादन भएको थियो। ४६ हजार ५९१ मेट्रिक्टन उत्पादन भएको थियो। जिल्लामा गौरी, जेठो बुडो, जर्नेली, पहैंले, मार्सि, ताकमारे, भट्टे र छमरुङ, माछापुच्छ्रे, अन्नपूर्ण तीन, खुमल चार, खुमल १०, लुम्ले दुईलगायतका उन्नत जातका धानखेती हुने गर्दछ । लेकाली क्षेत्रका कृषकले भिरालो जमिनमा गर्न सकिने र सिँचाइ आवश्यक नपर्ने घैया जातको धान खेती गर्छन्। एक नगरपालिका र पाँचवटा गाउँपालिका रहेको म्याग्दीको प्रायजसो क्षेत्रमा धान खेती हुने गरेको छ। रत्नेचौर, ज्यामरुककोट, अर्थुङ्गे, पुलाचौर, सिङ्गा, बराङ्जा, बाबियाचौर, कुहुँ, अर्मन, दरबाङ, ताकम, घतान, पात्लेखेत, पिप्ले, भगवती, शिख, घार, भूरुङ-तातोपानी, नारच्याङ, दानालगायत क्षेत्रमा धान खेती हुँदै आएको छ । यी क्षेत्र धान उत्पादनको हिसाबले पकेट क्षेत्र मानिन्छन् । धवलागिरि गाउँपालिकाको गुर्जा र लुलाङमा अत्यधिक चिसोका कारण धान उत्पादन हुँदैन । कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जिव बाँस्तोलाले बोटमै भएको धानलाई वर्षाले असर नगर्ने बताउनुभयो । "धान काटिसकेको हो भने कुन्यु बनाएर भिज्नबाट बचाउनुपर्छ," उहाँले भन्नुभयो "खेतमै परालसितै भएको धानलाई वर्षा सकिएपछि राम्रोसँग घाममा सुकाएर मात्रै भित्र्याउनुपर्छ।" धान काट्ने योजनालाई मौसम सुधार नहुँदासम्म स्थगित गर्न केन्द्र प्रमुख बास्तोलाले कृषकलाई अनुरोध गर्नुभयो ।

# नेपाल अमेरिकासँग चार विकेटले पराजित

**रासस**
काठमाडौं, १५ कार्तिक

आइसिसी विश्वकप क्रिकेट लिग-२ मा अन्तर्गत शनिबार भएको खेलमा नेपाल अमेरिकासँग पराजित भएको छ । दुबईस्थित आइसिसी एकेडेमीमा आज भएको खेलमा नेपाल अमेरिकासँग चार विकेटले पराजित भएको हो।

जितका लागि नेपालले दिएको २७२ रनको लक्ष्य पछ्याएको अमेरिकाले ४९ ओभरमा छ विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो। अमेरिकाका लागि साइत्यजा मुकामल्लाले सर्वाधिक ७५ रनको योगदान दिए। उनले १०१ बलमा दुई चौका र एक छक्काको सहयोगमा ७५ रन बनाएका हुन् । त्यस्तै मिलिन्द कुमारले ६६ बलमा ७० रन बनाए । साइन जाहाङ्गिरले ३६, मोनाङ पटेलले २१, सुभम रन्जनले १९ र स्मित पटेलले १६ रन बनाए । नेपालका लागि सन्दिप लामिछानेले तीन विकेट लिए भने गुल्सन झा, करण केसी र नन्दन यादवले समान एक/एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित ४९ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै २७१ रन बनाएको थियो। नेपालका दीपेन्द्रसिंहले सर्वाधिक ७५ रन बनाए । उनले ६७ बलमा दुई चौका र तीन छक्का प्रहार गरे । त्यस्तै करण केसीले ३१ बलमा दुई चौका र तीन छक्कासहित ४९ रनको योगदान दिए। कुशल भुर्तेलले ४७, भीम सार्कीले ४३ र कप्तान रोहित पौडेलले ३६ रन बनाए। अमेरिकाका लागि हर्मित सिंहले तीन विकेट लिए भने सौरभ नेत्रभल्कर र नोशथुस केन्जिगेले समान दुई/दुई विकेट लिए। त्यस्तै जसदीप सिंह र शुभम रन्जानेले समान एक/एक विकेट लिए। जारी प्रतियोगितामा नेपालको यो लगातार तेस्रो हार हो। नेपाल पहिलो खेलमा अमेरिकासँग १०६ रन अन्तरले पराजित भएको थियो भने दोस्रो खेलमा युएईसँग पाँच विकेटले पराजित भएको थियो । जारी शृङ्खलामा लगातार तेस्रो जित निकालेको अमेरिका लिग-२ तालिकाको शीर्ष स्थानमा छ । अमेरिकाले २३ खेलमा ३४ अङ्क जोडेको छ । नेपाल १९ खेलमा १२ अङ्कसहित सातौँ स्थानमा छ।

# मौसममा क्रमिक सुधार

**रासस**
काठमाडौँ, १५ कार्तिक

जल तथा मौसम विज्ञान विभागले देशमा मौसम क्रमशः सुधार हुँदै गएको र आइतबार थप सुधार हुने जनाएको छ।

विभागको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सञ्जीव अधिकारीले शनिबार बिहान धेरै स्थानमा हल्कादेखि मध्याम वर्षा भए पनि अपराह्नबाट बिस्तारै खुल्दै गएको र साँझ देशका धेरै स्थानमा मौसम सुधार भई वर्षा रोकिएको जानकारी दिनुभयो।

बङ्गालको खाडीबाट विकसित मोन्था चक्रवातको प्रभाव हटे पनि नेपालमा हाल पश्चिमी वायु र अरब सागरमा बनेको न्यून चापीय प्रणालीको प्रभावका कायम हुँदा आज पनि देशका धेरै ठाउँमा वर्षा भएको उहाँले बताउनुभयो । यो अवस्था सुधार हुने क्रम जारी रहेको र आइतबार भने आजको तुलनामा धेरै नै सुधार हुने अधिकारीको भनाइ छ । हाल कोशी, मधेस, बागमती र गण्डकी प्रदेशमा साधारणतयादेखि अधिकांश बदली रही बाँकी प्रदेशमा आंशिक बदली छ। कोशी, बागमती र गण्डकी प्रदेशका थोरै स्थानहरूमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ। कोशी प्रदेशलगायत बागमती प्रदेश र गण्डकी प्रदेशका पहाडी र हिमाली भू-भागका केही स्थानहरूमा मध्यम वर्षा/हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ। ती क्षेत्रमा दैनिक जनजीवन, पर्वतारोहणलगायत कृषि तथा पर्यटनका क्षेत्रमा समेत केही असर पर्ने सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ।

यसपालि मोन्था चक्रवातको प्रणालीमा अरब सागरबाट विकसित भएको प्रणाली र पश्चिमी वायुका कारण देशका धेरै ठाउँमा वर्षा हुँदा ठूलो क्षेत्रको धानबालीमा क्षति पुगेका छ। यस्तै, भारी हिमपातका कारण उच्च हिमाली क्षेत्र र पदयात्रा नराम्ररी प्रभावित भएको छ। नेपालमा यही कात्तिक १३ गतेदेखि वर्षाले जनजीवन प्रभावित भइरहेको छ।

# छिट्टै एकता गर्ने माओवादी केन्द्रको निर्णय

**रासस**
काठमाडौं, १५ कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले अबको केही दिनभित्रमा विभिन्न पार्टीसँग एकता गर्ने भएको छ।

शनिबार यहाँ पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको सचिवालय बैठकले पार्टीको यही कात्तिक १७ गते हुने यसअघि कायम केन्द्रीय समिति बैठकले पार्टी एकताबारे टुङ्गो लगाउने पार्टीका प्रवक्ता एवं उपाध्यक्ष अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पार्टी एकता आजको बैठकको एजेन्डा थियो, एकताबारे वैचारिक, सैद्धान्तिक, राजनीतिक र नीतिगत विषयमा करिब करिब सहमति भइसकेको छा आज खासगरी प्राविधिक र सङ्गठनात्मक विषयमा छलफल केन्द्रित भएको छ।" प्रवक्ता सापकोटाका अनुसार नेकपा (एकीकृत समाजवादी), महेन्द्र राय यादव नेतृत्वको जनता समाजवादी पार्टी, एमालेमा विद्रोह गर्नुभएका नेता प्रेमबहादुर सिंह र राजु कार्की नेतृत्वको नेकपा (समाजवादी) र सुवाष काफ्ले नेतृत्वको जनसमाजवादीबीच एकता हुँदैछ । एकताबारे नेपाल कम्युनिष्ट पार्टीबाट विद्रोह गरेको चिरण सि नेतृत्वको समूहसँग पनि छलफल भइरहको उहाँले जानकारी दिनुभयो । "सबैसँग वाम एकता गर्ने हाम्रो जोड हो, तर एकता ढिलो गर्नुहुँदैन, एकता ढिलो गरियो भने राष्ट्रिय राजनीतिमा हाम्रो पहलकदमी कमजोर हुन्छ भन्ने आजको निष्कर्ष हो, नभए राष्ट्र झन् झन् अराजकतातिर गइरहेको छ। फागुन २१ गते सरकारले चुनावको घोषणा गरेको छ, यी अवस्थालाई मध्येनजर गर्दै एकतालाई अगाडि बढाउने भनिएको छ ।" नेता जनार्दन शर्माले तत्काल एकता नगरी माओवादी केन्द्रलाई नै बलियो बनाउनुपर्ने बताउनुभयो । उहाँ आफू बोलेपछि बैठक छोडेर निस्किनुभएको थियो । वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले एकताबारे शर्माको केही फरक मत रहेको तर उहाँ र एकीकृत समाजवादीमा फरक मत राखेका झलनाथ खनालसँग पनि छलफल गरेर अगाडि बढ्ने बताउनुभयो।

# बेनी-दरवाङ...

पौडेलले जानकारी दिनुभयो । सडक खुलेपछि दरवाङदेखि बेनी, पोखरा, काठमाडौँलगायत देशका विभिन्न सहरमा जाने यातायात सञ्चालन भएका छन् ।

उक्त स्थानमा विस २०६१ मा सडकको मार्ग खोलेदेखि नै पहिरोको समस्या रहेको छ। यसको विकल्पमा म्याग्दी नदीमा बेलिब्रिज जडान गर्ने भनिए पनि योजना अगाडि बढेको छैन । दीर्घकालिन हिसाबले पहिरो रोकथामको सम्भावना नभएपछि पूर्वाधार विकास कार्यालयले अस्थायी रूपमा पहिरो पन्छाएर यातायात सञ्चालन गर्दै आएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# कांग्रेसमा नियमित कि विशेष महाधिवेशन विवाद

कांग्रेसमा महाधिवेशनलाई लिएर ध्रुवीकरण भएको छ । नियमित कि विशेष महाधिवेशन गर्नेविषयमा काङ्ग्रेसमा गहिरो खाडल बनेको छ । काङ्ग्रेस संस्थापन र संस्थापन इतर पक्षबीच नियमित महाधिवेशन कि विशेष महाधिवेशन भन्नेमा विवाद चुलिएको छाकेन्द्रीय कार्यसमिति बैठकमा कसरी प्रस्तुत हुने भन्नेमा छुट्टाछुट्टै भेला भएका छन । महाधिवेशनको कार्यतालिका सार्वजनिक नगरेर भावी योजना असर पुग्ने ठानेर दुवै पक्ष आफ्नो ख्याल गरेर चल्न खोजेका छन ।

महाधिवेशनसम्बन्धी कार्यतालिका प्रस्तुत गर्ने तयारीमा रहेका थापालाई कार्यबाहक सभापति पूर्णबहादुर खड्का तयार नभएपछि खड्काले बिहीबारको बैठक बहिष्कार गरेका छन । बैठकअघि खड्का, थापा र अर्का महामन्त्री विश्वप्रकाश शर्माले छलफल गरेका थिए । उक्त छलफलमा थापाले महाधिवेशनको कार्यतालिका पेस गर्ने तयारी आफूले गरेको खड्कालाई बताएका थिए । तर, खड्का यसमा तयार नभएपछि केन्द्रीय कार्यालय परिसरबाट थापा बाहिरिएका थिए ।

'बैठकमा महामन्त्री गगन थापालाई देखेनौँ,' केन्द्रीय समिति बैठक सुरु हुनुभन्दा २० मिनेटजति थापा थिए । कार्यबाहक सभापति र अर्का महामन्त्रीसँग कुराकानी भएको थियो । तर उहाँहरूबीच के कुरा भयो उहाँ त बैठकमा सहभागी नभई बाहिरिनुभयो ।' बैठकअघि महामन्त्री शर्माले महाधिवेशन वा विशेष महाधिवेशनको विषयमा कार्यवाहक सभापति खड्कालाई चार प्रस्ताव सुझाएका थिए । थापाले पनि शर्माकै प्रस्तावअनुसार आफूले तालिका पेस गर्न लागेका सुनाएका थिए । तर, खड्काले संस्थापन समूहले अहिले महाधिवेशनको समय नभएको र चुनावको तयारीमा लाग्नुपर्ने निष्कर्ष निकालेकोले एक दुई दिन कुर्न आग्रह गरेका थिए । त्यसपछि थापा बाहिरिएका थिए ।

कांग्रेसमा महामन्त्रीले एजेन्डा प्रस्तुत गर्छन् । तर उक्त प्रस्तावमा सभापतिले समर्थन जनाएपछिमात्रै महामन्त्रीले प्रस्तुत गर्ने चलन छ । थापाले मंसिर २७-२९ को नियमित महाधिवेशन गर्न सकिने र गर्नुपर्ने प्रस्ताव यसअघिको कार्यसम्पादन समिति बैठकमा गरेका थिए । बैठकमा पनि उनले यही मितिसहितको तालिका प्रस्तुत गर्ने तयारी गरेका थिए ।

यो मितिमा नियमित महाधिवेशन गर्न नसक्ने भए विशेष महाधिवेशनको तयारी र मिति तोक्न खड्कालाई थापाले केन्द्रीय समिति दबाब दिएका थिए । कांग्रेसमा ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरुले हस्ताक्षर गरेर विशेष महाधिवेशन माग गरिसकेका छन् । विशेष महाधिवेशन माग गर्दै प्रतिनिधिहरुले असोज २९ गते केन्द्रीय कार्यालयमा खड्कालाई नै निवेदन बुझाइएको थियो । म्याद सकिन लागेको महाधिवेशन प्रतिनिधिको हस्ताक्षर कतै पार्टीलाई क्षति पुर्याउने त होइन भन्ने आशंका उब्जेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जोमसोम–कागबेनी सडक खुल्यो

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १५ कार्तिक

निरन्तरको वर्षाले शुक्रबार बिहानदेखि अवरुद्ध जोमसोम–कागबेनी सडक मर्मतपछि सञ्चालनमा आएको छ ।

विभिन्न स्थानमा भासिएको सडक मर्मतपछि सञ्चालनमा आएको हो ।

जिल्ला प्रशासन कार्यालयको अगुवाइमा सडक मर्मत गरेर केहीबेरअघिदेखि उक्त सडकमा सवारीसाधन सञ्चालन भएका छन् । अब जोमसोमबाट कागबेनी र मुक्तिनाथ पुग्न सहज भएको छ ।

स्थानीय प्रशासनले कागबेनी–छुसाङ सडक खुलाउने प्रयास जारी रहेको जनाएको छ । पहिरो पन्छाउन आवश्यक उपकरण र जनशक्ति त्यसतर्फ पठाइएको प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जानकारी दिनुभयो ।

# अवरुद्ध बेँसीसहर–चामे सडक सञ्चालनमा

**पोखरापत्र संवाददाता**
लमजुङ, १५ कार्तिक

अविरल वर्षाका कारण अवरुद्ध बेँसीसहर-चामे सडक पुनः सञ्चालनमा आएको छ ।

यस सडकअन्तर्गत लमजुङ मर्स्याङ्दी गाउँपालिका-४ स्थित अक्टोपस झरना बढेर र ढुङ्गा झरेर शुक्रबार दिउँसो २:३० बजेदेखि अवरुद्ध भएको थियो । जिल्ला प्रहरी कार्यालय लमजुङका सूचना अधिकारी अभिषेक पाण्डेका अनुसार झरनामा पानी कम भएको र ढुङ्गा झर्न रोकिएपछि शनिबार बिहानदेखि सडक सञ्चालनमा आएको हो ।

झरनामा फसेका चार सवार ासाधन निकालेपछि सडक पूर्ण रूपमा सञ्चालनमा आएसँगै अलपत्र परेका सवारीसाधन गन्तव्यतर्फ गएको उहाँको भनाइ छ । सवारीसाधन रोकिँदा मनाङबाट फर्किएका पर्यटक बढी मर्कामा परेका थिए । यस सडकअन्तर्गत बेँसीसहर नगरपालिका-६ खरखरे भिरमासमेत बाटो अवरुद्ध भए पनि शुक्रबार नै सञ्चालनमा आएको थियो ।

# बाउन्न जना गर्भवतीलाई पोषण भत्ता

**पोखरापत्र संवाददाता**
तनहुँ, १५ कार्तिक

जिल्लाको व्यास नगरपालिकाले नवजात शिशु र आमाको स्वास्थ्य स्याहार र सुरक्षाका लागि ५२ जना गर्भवती महिलालाई पोषण भत्ता प्रदान गरेको छ ।

चालु आर्थिक वर्षको साउनदेखि असोजसम्म जनही रु पाँच हजारका दरले रु दुई लाख ६० हजार रकम प्रदान गरेको हो । कार्यालयले अघिल्लो आवमा २४३ जना गर्भवतीलाई रु १२ लाख २५ हजार भत्ता वितरण गरेको थियो । हालसम्म २९५ जना गर्भवतीका लागि रु १४ लाख ८५ हजार पोषण भत्तामा खर्च भएको महिला विकास निरीक्षक जानुका सुर्खालीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "गर्भवती पोषण कार्यक्रम (महिलासँग उपप्रमुख) अन्तर्गत उनीहरूलाई रकम प्रदान गर्ने गरिएको छ । गर्भवतीलाई पोषण प्रोत्साहन रकम प्रदान गरी कुपोषण हुनबाट बचाउने, नियमित गर्भ जाँच गराउने र असुरक्षित सुत्केरीलाई निरुत्साहित गर्ने उद्देश्यले पोषण भत्ताको व्यवस्था गरिएको हो ।" नगरपालिका क्षेत्रका सरकारी स्वास्थ्य संस्थाबाट कम्तीमा तीन पटक (४, ६ र ८ महिना) स्वास्थ्य गरेको गर्भवतीलाई आठ महिनापछि उक्त रकम प्रदान गर्ने गरिएको महिला विकास निरीक्षक सुर्खालीले बताउनुभयो । उहाँले भन्नुभयो, "यसअघि गर्भवती महिलालाई नगद नै हातमा दिइन्थ्यो, तर अहिले चेकको फोटो कपी पेस गर्नुपर्ने प्रावधान रहेको छ ।" त्यसैगरी चालु आवमा डिजिटल प्रविधिबाट अपाङ्गता भएकालाई परिचयपत्र वितरण कार्य थालिएको छ । यस आवमा 'क' वर्गको दुई, 'ख' वर्गको २९, 'ग' वर्गको १८ र 'घ' वर्गको सात जनालाई परिचयपत्र वितरण गरिएको सहायक महिला विकास निरीक्षक शर्मिला जम्कट्टेलले जानकारी दिनुभयो । उहाँका अनुसार गत वर्ष १९० जनालाई यस किसिमको परिचयपत्र प्रदान गरिएको थियो ।

# बेनी–दरवाङ सडक अवरुद्ध

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ कार्तिक

म्याग्दीको पश्चिमी क्षेत्रका तीन वटा स्थानीय तहलाई जिल्ला सदरमुकाम बेनीबजारसँग जोड्ने बेनी-दरवाङ सडक तीन दिनदेखि अवरुद्ध छ ।

बेनी नगरपालिका-४ र मङ्गला गाउँपालिका-२ को सिमानामा पर्ने फापरखेत (घुमाउने)मा खसेको पहिरोका कारण मङ्गला, मालिका र धौलागिरि गाउँपालिका बिहीबारदेखि सदरमुकाम बेनी बजारसँग सीधा यातायात सम्पर्कविच्छेद भएको हो । सडक अवरुद्ध हुँदा स्थानीयवासीलाई गन्तव्यमा पुग्न समस्या भएको छ । जलविद्युत्, सडक, भवन, प्रसारण लाइन, सवस्टेशन आयोजनाका निर्माण सामग्री ढुवानी रोकिएको छ । दैनिक उपभोग्य सामग्रीको ढुवानी र ग्रामीण क्षेत्रमा उत्पादन भएको कृषि तथा पशुजन्य वस्तु बजारीकरणमा समस्या भएको छ ।

यातायात ब्यवसायी यज्ञबहादुर थापाले सडकमा पहिरो थुप्रिनुका साथै माथिबाट निरन्तर पहिरो खसिरहने भएकाले दुर्घटनाको जोखिम रहेको बताउनुभयो । उक्त स्थानमा विसं २०६१ मा सडकको मार्ग खोलेदेखिनै पहिरोको समस्या रहेको छ । बेनी-दरवाङ सडक स्तरोन्नतिको योजना कार्यान्वयन गरिरहेको पूर्वाधार विकास कार्यालय, म्याग्दीले आज बिहानदेखि वर्षा रोकिएकाले पहिरो पन्छाउन उपकरण परिचालन गरेर सडक खुलाउने जनाएको छ ।

# रोयल सहकारीबाट पोखरापत्रकर्मी सम्मानित

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १५ कार्तिक



जिल्ला सदरमुकाम पुतलीबजारमा रहेको रोयल बचत तथा ऋण सहकारी संस्थाले सहकारीका बिषयमा कलम चलाएको भन्दै पोखरापत्रकर्मीलाई सम्मान गरेको छ ।

पोखरापत्र दैनिकका स्याङ्जा संवाददाता श्रीकृष्ण सिग्देललाई सहकारीले २४ औं बार्षिक साधरणसभाको अवसर पारेर सम्मान गरेको हो । पोखरापत्रकर्मी सिग्देललाई दोसल्ला, प्रशंसा–पत्र र नगद सहित मुक्तिनाथ कृषि कम्पनीका अध्यक्ष सीताराम काफ्ले, मुक्तिनाथ विकास बैंकका पुर्व अध्यक्ष भरतराज ढकाल, संचालक भरत लम्साल र सहकारीका अध्यक्ष बिष्णुप्रसाद पोखेलले सम्मान गरेका हुन् । झण्डै २ दशकदेखी पत्रकारीतामा क्रियाशिल रहेका सिग्देल दुईदशकदेखी पोखरापत्र दैनिकमा आवद्ध छन् ।

पत्रकारीता क्षेत्रलाई दरिलो बनाउन र संचारकर्मीहरुलाई सहकारी क्षेत्रको लेखनमा बढी भन्दा बढी रुची बढाउन हरेक बर्ष एकजना पत्रकारलाई सम्मान गर्ने योजना सहकारीले अगाडी सारेको संस्थाका अध्यक्ष बिष्णु पोखेलले बताए । संचार क्षेत्रको सहयोग र सहकार्यले सहकारीको विकासमा टेवा पुग्ने अपेक्षा संस्थाले लिएको अध्यक्ष पोखेलले बताए । साधरणसभामा उत्कृष्ट बचत कर्ता र उत्कृष्ट कारोवार गर्ने व्यवसायीलाई समेत सम्मान गरिएको थियो ।

साधरणसभामा मुक्तिनाथ कृषि कम्पनीका अध्यक्ष तथा रोयल सहकारीका परिकल्पनाकार सीताराम काफ्लेले देशको आर्थिक स्थायित्वका लागि सहकारी र कृषिक्षेत्रबीचको सहकार्य अपरिहार्य रहेको बताए । सहकारीहरुलाई बचत संकलन गर्ने र ऋण लगानी गरी नाफा कमाउने उदेश्य भन्दा उत्पादनमा जोडिएर नागरिकको आर्थिक समृद्धिमा लाग्नुपर्ने आजको आवश्यकता रहेको काफ्लेले औल्याए । कृषि क्षेत्रको विकास नभएसम्म मुलुक समृद्ध नबन्ने बताउदै कम्पनीका अध्यक्ष काफ्लेले सहकारी, स्थानीय सरकार र कम्पनी मिलेर कृषिक्षेत्रको विकास गर्नुपर्ने बताए ।

कार्यक्रममा मुक्तिनाथ विकास बैंकका पूर्व अध्यक्ष भरतराज ढकाल, संचालक सदस्य तथा सहकारीका सल्लाहकार भरत लम्सालले सहकारीलाई बलियो बनाउने माध्यम भनेकै शेयर सदस्यको इमान्दारीता रहेको बताए । रोयल बचतका शेयर सदस्यहरुको इमान्दारीताकै कारण यो सहकारी जिल्लामै अब्बल सावित हुन पुगेको उनीहरुको भनाई थियो । कार्यक्रममा संस्थाका पूर्व नारायण प्रसाद पौडेल, मुक्तिनाथ विकास बैंकका सिईओ पद्युम्न पोखेल, पूर्व सञ्चालक रामप्रसाद पोखेल, जिल्ला बचत तथा ऋण सहकारी संघ स्याङ्जाका अध्यक्ष लोकनाथ शर्मा, तथा नेपाल पत्रकार महासंघ स्याङ्जाका पूर्व अध्यक्ष ओमप्रकाश शर्मा, श्रीकृष्ण सिग्देलगायतले सहकारी क्षेत्रलाई सबल बनाउन शेयर सदस्यहरु चनाखो हुनुपर्ने धारणा राखेका थिए । संस्थाको शेयर पूँजी ३ करोड ६८ लाख ७ हजार ४ सय रुपैयाँ रहेको छ भने जगेडा कोषमा एक करोड ५४ लाखभन्दा बढी रकम जम्मा भएको सहकारीले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ ।

संस्थाले हालसम्म जम्मा २३ करोड ५१ लाख १६ हजार ५० रूपैंया निक्षेप संकलन गरेको र सोही आधारमा १८ करोड ९५ लाख ७१ हजार ९ सय ९९ रुपैयाँ लगानी विस्तार गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ । साधारण सभामा सचिव प्रकाश डोटेल, कोषाध्यक्ष दिपेन्द्रमान श्रेष्ठ, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक वद्रीप्रसाद श्रेष्ठ, र कर्जा उपसमितिका संयोजक कुलानन्द लम्सालले आ-आफ्ना प्रतिवेदन प्रस्तुत गरेका थिए ।

साधरणसभामा पेश भएका प्रतिवेदन बहुमतले पास भएको सहकारीका सचिव प्रकाश डोटेलले बताए ।

# आदर्श सहकारीको अध्यक्षमा बराल

**पोखरापत्र संवाददाता**
पोखरा, १५ कार्तिक



आदर्श बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-१३, आर्वाको शुक्रवार सम्पन्न १८ औं वार्षिक साधारण सभा तथा सातौं अधिवेशनले सुर्यप्रसाद बरालको अध्यक्षतामा नौं सदस्यिय नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ ।

संस्थाको उपाध्यक्षमा लक्ष्मी सुवेदी बराल, सचिवमा घनश्याम बराल तथा कोषाध्यक्षमा श्रीप्रसाद बराल चयन भएका छन् । तेस्तै कार्यसमिती सदस्यहरुमा बिष्णुप्रसाद बराल, भोजराज बराल, रामप्रसाद बराल, शर्मिला बराल र चन्द्रा पराजुली चयन भए । यसैगरी संस्थाको लेखा सुपरिवेक्षण समितिको संयोजकमा कृष्णराज बराल एवं सदस्यहरुमा तारानाथ सिग्देल र बिष्णुप्रसाद बराललाई सर्वसम्मत छनौट गरिएको हो । अधिवेशनमा संस्थाको सल्लाहकार समिति एवं बिभिन्न उपसमितिहरु समेत सर्वसम्मत गठन गरिएको थियो। अधिवेशनमा रामशरण बरालको संयोजकत्वमा ऋषीराम सिग्देल र बेदनाथ बराल सदस्य रहेको तीन सदस्यिय निर्वाचन समिति गठन गरिएको थियो।

अधिवेशनको उद्धाटन गर्दै प्रमुख अतिथि संस्थापक अध्यक्ष कृष्णप्रसाद बरालले २०६४ सालमा सहकारी स्थापना गर्दा झोला बोकेर रकम संकलन गरेको स्मरण गदै आज आदर्श सहकारीले जुन उचाई कायम गरेको छ त्यो देख्दा आफुँ लाई निकै खुशी लागेको बताए । "हरेक सहकारीहरु अहिले प्रतिस्पर्धात्मक रूपमा अगाडी बढिरहेको आँफुले बुझेको भन्दै बरालले सरकारी नियम, कानुन, निति तथा निर्देशिका अनुरूप सहकारी हरु सञ्चालन हुनुपर्नेमा जोड दिए । उनले शेयर सदस्यहरुको बचत अनी आर्थिक कारोबारलाई सुरक्षित गर्दै अगाडी बढाउन सामुहिक ऐक्यबद्धताको खाँचो रहेको औंल्याए ।

आदर्श बचत तथा ऋण सहकारी संस्था लिका अध्यक्ष राजेन्द्रप्रसाद बरालको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकार रामशरण बराल, प्रचारप्रसार उपसमिति संयोजक श्रीराम सिग्देल शेयर सदस्य तारादेबी बराल लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । उपाध्यक्ष लक्ष्मीदेबी देबकोटाले स्वागत, सचिव सूर्यप्रसाद बरालले कार्यक्रम सञ्चालन तथा शिक्षा उपसमिति संयोजक घनश्याम बरालले सहकारीका सात सिद्धान्त वाचन गरेका हुन् । अधिवेशनमा अध्यक्ष राजेन्द्रप्रसाद बरालले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन , कोषाध्यक्ष बसन्तराज बरालको आर्थिक प्रतिवेदन तथा लेखा सुपरिवेक्षण समितीका संयोजक कृष्णराज बरालले पेश गरेको लेखा प्रतिवेदनलाई सर्वसम्मत पारित गरिएको थियो ।

कार्यक्रममा सहकारीले हरेक वर्ष प्रदान गदै आएको उत्कृष्ट बचत तथा कारोवारी पुरस्कार यस वर्ष शुशीला कार्की र तिलकुमारी केसी उत्कृष्ट बचत तर्फ देवका बराल, उत्कृष्ट कर्मचारी रमा अधिकारी, शेयर सदस्यका छोराछोरी मध्ये कक्षा १२मा उत्कृष्ट अंक ल्याउने सामुदायिक तर्फ समिर कुईकेल तथा संस्थागत तर्फ प्रसान्त बराल एवं ८४ वर्ष पुगेका जेष्ठ नागरिक गंगादेवी बराललाई नगद पुरस्कार सहित सम्मान गरिएको थियो ।

# ज्ञान, विज्ञान, धर्म र मानवताको सङ्गमस्थलका रुपमा विकास हुँदै उत्तरबाहिनी

वासुदेव पौडेल
गण्डकी, १५ कार्तिक

गण्डकी र लुम्बिनी प्रदेशको सिमानास्थित स्याङ्जाको गल्याङ नगरपालिका-१ र पाल्पाको रम्भा गाउँपालिका-१ को सङ्गमस्थल उत्तरबाहिनी क्षेत्रलाई ज्ञान, विज्ञान, धर्म र मानवताको सङ्गमस्थलका रुपमा विकास गर्ने उद्देश्यअनुरुप काम अघि बढाइएको छ।

कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानको सक्रियतामा यहाँको प्रवर्द्धन र विकासमा निरन्तर पहल बढाइएको हो। प्रतिष्ठानका अध्यक्ष आचार्य चैतन्यकृष्ण जी महाराजका अनुसार उत्तरबाहिनी क्षेत्र धार्मिक रुपमा विशिष्ट महत्वको क्षेत्र हो । उत्तरतर्फ फर्केको नदीलाई सर्वतीर्थका रुपमा लिइने उल्लेख गर्दै उहाँले यस क्षेत्रमा कालीगण्डकी उत्तर भएर बगेको हुनाले यस क्षेत्रलाई उत्तरबाहिनी भनिएको हो।

उत्तरबाहिनीको दर्शन गर्दा पाप नाश हुने धार्मिक विश्वास रहेको उहाँले बताउनुभयो। यस क्षेत्रको समग्र विकासका लागि प्रतिष्ठानले निरन्तर पहल गरिरहेको बताउँदै उहाँले यस पहलमा राज्यका विभिन्न निकायसँगै आम भक्तजनको निरन्तर साथ र सहयोग भएको जानकारी दिनुभयो । "कालीगण्डकीको महिमाका साथै यस क्षेत्रको संरक्षण र विकासको लक्ष्यका साथ २०७२ सालमा कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठान संस्थागत रुपमा दर्ता गर्दै अघि बढाइएको हो", उहाँले भन्नुभयो, "त्यसयता प्रतिष्ठानको सक्रियतामा यस क्षेत्रमा ज्ञान विज्ञान महायज्ञसँगै विभिन्न पूर्वाधार निर्माणका काम सञ्चालन भैरहेका छन्।"

प्रतिष्ठानले २०७३ असोज २७ गतेदेखि कात्तिक ७ गतेसम्म नेपाल महिमा एवं गीता ज्ञान विज्ञान महायज्ञ सञ्चालन गरेको जानकारी दिदै उहाँले सो क्रममा २१ करोड दीप प्रज्वलन गरिएको बताउनुभयो। महायज्ञमा रु एक करोड चार लाख सङ्कलन भई करिब रु ५५ लाख खर्च भएको थियो। बाँकी रकमबाट ४० रोपनी जग्गा खरिद गरिएको थियो। त्यस यता सोही जग्गामा विभिन्न किसिमका पूर्वाधार विकासका काम भइरहेका छन्। विसं २०७४ मा रु ५० लाख लागतमा एक हजार जना अट्ने सभाहल निर्माण गरिएको छ।

प्रतिष्ठानले यस क्षेत्रमा प्राकृतिक चिकित्सालय सञ्चालन गरेको छ। यहाँ १२ वटा कोठाको प्राकृतिक चिकित्सालयको भवन निर्माण गरिएको छ । सङ्घीय बजेटबाट रु दुई करोड १२ लाखको लागतमा चिकित्सालय भवन निर्माण गरिएको हो। प्राकृतिक चिकित्सा, योग उपचारआदि सञ्चालन भइरहेको उक्त चिकित्सालय यही वर्ष वैशाखदेखि सञ्चालनमा आएको आचार्य चैतन्यकृष्णले जानकारी दिनुभयो।

**मिनि मुक्तिनाथ धाम**

प्रतिष्ठानले यस क्षेत्रलाई मिनि मुक्तिनाथ धामका रुपमा विकास गर्नेगरी अघि बढेको छ। उक्त प्रयोजनका लागि २० फिट उचाइको भगवान् शिवको मूर्तिसहित १०८ धारा स्थापना भइसकेको छ । ती धाराबाट कालीगण्डकीको जल आउने गरी व्यवस्था मिलाइएको जानकारी दिँदै आचार्य चैतन्यकृष्णले हालसम्मका पूर्वाधार निर्माणका लागि करिब रु एक करोड खर्च भइसकेको र अन्य थप पूर्वाधार विकासमा रु एक करोड खर्च हुने अनुमान गरिएको जानकारी दिनुभयो । परिसरमा शङ्खद्वार, नृसिंह गुफालगायतका संरचना निर्माण गरिएको छ।

**प्रतिष्ठानद्वारा गुरुकुल सञ्चालन**

प्रतिष्ठानले यस क्षेत्रकै कालीगण्डकी पारी रम्घा गाउँपालिका-१ पाल्पामा कालिगण्डकी गुरुकुल सञ्चालनमा ल्याएको छ। विसं २०७६ देखि कक्षा ६ देखि १० सम्म सञ्चालन भैरहेको सो गुरुकुलमा हाल ३७ जना विद्यार्थी अध्ययनरत छन् । गुरुकुलबाट दुई शैक्षिक सत्रका विद्यार्थीले एसइई दिइसकेका छन् । सुरुमा चार कोठासहित पठनपाठन सुरु गरिएको गुरुकुलमा रम्भा गाउँपालिकाले माथि थप दुई तला निर्माण सहयोग गरेको छ।

प्रतिष्ठानले रेडियो जनकल्याण पनि सञ्चालन गरिरहेको र यसलाई रेडियो उत्तरबाहिनीका रुपमा सञ्चालन गर्ने योजना अघि सारेको छ।

कालीगण्डकी महिमासँगै यस क्षेत्रको धार्मिक महत्वलाई उजागर गर्नका लागि प्रतिष्ठानले २०५९ सालदेखि निरन्तर दामोदर धार्मिक उत्सव सञ्चालन गर्दै आएको छ । यस वर्ष गत असोज ११ गतेदेखि यही कात्तिक १९ गतेसम्म उत्तरगण्डकी महामेला दामोदर धर्मोत्सव सञ्चालन भइरहेको छ।

धर्मोत्सवका लागि हरिद्वारलगायतका नेपाल र भारतका विभिन्न स्थानहरूबाट प्रसिद्ध सन्तगुरुहरू सहभागी हुनुभएको आयोजकले जनाएको छ । महामेलामा सहभागी हुने भक्तजनलाई देवघाट, रुरुक्षेत्र, सेतीवेणीशीला,मुक्तिनाथलगायतका तीर्थस्थल दर्शनको व्यवस्था मिलाइएको अध्यक्ष चैतन्य कृष्णले बताउनुभयो। महामेला अवधिभर तुलसीदल, गण्डकीजलद्वारा सवालाख शालग्राम भगवान् को अभिषेक पूजन, दीपदान तथा शृङ्गारिक गङ्गा आरती, विश्वविख्यात संत एवं गुरुहरूद्वारा प्रवचन, उत्तरवाहिनी महास्नान, उत्तरवाहिनी पूजनलगायतका गतिविधि गरिँदै आइएको छ।

महामेलाकै अवसरमा राष्ट्रिय लोकभजन प्रतियोगिता, राष्ट्रिय वतृत्वकला प्रतियोगिता, धार्मिक तथा सांस्कृतिक हाजिरीजवाफ, निबन्ध लेखन, कविता प्रतियोगिता पनि सञ्चालन भइरहेको जनाइएको छ। महायज्ञमा हालसम्म करिब रु दुई लाख भक्तजन सहभागी भैसकेको र यहाँको समग्र विकासका लागि करिब रु दुई करोड दान सहयोग समेत प्राप्त भएको आचार्य चैतन्यकृष्णले जानकारी दिनुभयो । उहाँका अनुसार महायज्ञकै क्रममा १५ कोठासहित ध्यानकक्ष निर्माणका लागि रु पाँच करोड सहयोगको घोषणासमेत भइसकेको छ। **गण्डकी र लुम्बिनी प्रदेश सरकारको चासो**

उत्तरबाहिनी क्षेत्रको समग्र विकासका लागि गण्डकी र लुम्बिनी प्रदेश सरकारले चासो दिएका छन् । यसै क्षेत्रमा गत भदौ १६ गते गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यबीच सम्पन्न मुख्यमन्त्रीस्तरीय बैठक सम्पन्न भई दुवै प्रदेशको समग्र विकासमा साझा प्रयत्न गर्ने निर्णयसहित नौ बुँदे घोषणापत्र जारी गरिएको थियो । उक्त बैठकमा ' दामोदरकुण्ड कृष्णागण्डकी ' उत्तरवाहिनी'-लुम्बिनी मुक्तिमार्ग' विकासका लागि अवधारणा पत्र तयार गर्न दुवै प्रदेशको पर्यटन हेर्ने मन्त्रालयको समन्वयमा प्रक्रिया अघि बढाउने निर्णय गरिएको थियो।

सो बैठकमा उत्तरबाहिनी क्षेत्रमा सञ्चालन हुने कात्तिक महास्नान तथा दामोदर धर्मोत्सव भव्य रूपमा सफल बनाउन प्रदेश सरकारबाट सहजीकरण गर्ने र स्थानीयस्तरमा सहजीकरणका लागि आ-आफ्नो प्रदेशका स्थानीय तहलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुरोध गर्ने निर्णय गरिएको थियो। त्यस्तै कालीगण्डकी तटीय क्षेत्रको समुन्नतिका लागि दुवै प्रदेशका योजना आयोगको समन्वयमा संयुक्त रुपमा कार्यान्वयन गर्न सकिने कार्यक्रम पहिचान गरी आगामी पुस मसान्तभित्र दुवै प्रदेश सरकारमा पेस गर्ने उल्लेख गरिएको थियो । यस्ता धार्मिक महत्वका स्थलको प्रवर्द्धन र विकासका लागि राज्यका साथै सबैको साथ र सहयोग अपरिहार्य हुने समाजसेवी एवं उत्तरगण्डकी महामेलाको प्रचारप्रसार समिति गण्डकी प्रदेशका संयोजक चन्द्रकान्त बरालले बताउनुभयो। धर्मोत्सवका माध्यमबाट नेपालका ऐतिहासिक एवं धार्मिक महत्वका तीर्थहरूको पनि उजागर गर्ने लक्ष्य राखिएको प्रतिष्ठानका सहसचिव एवं महामेला आयोजक समितिका सचिव विवेक बस्यालले बताउनुभयो।



हिउँमा याकचौरीः
हिमाली जिल्ला मनाङको मनाङ डिस्याङ गाउँपालिका-६ स्थित मनाङ गाउँमा हिउँमा याकचौरी । समयअगावै हिमपात भएपछि याकचौरीको घाँसपातको व्यवस्थापनमा सकस भएको पशुपालक किसानको भनाइ छ। तस्बिरः नवीन लामिछाने/रासस

# चन्दा उठाएर गाउँघर क्लिनिक स्थापना

पोखरापत्र संवाददाता
बागलुङ, १५ कार्तिक

चन्दा सङ्कलन गरेर बागलुङ नगरपालिका-१४ नारायणस्थानको कैयामा हाम्रो स्वास्थ्य गाउँघर क्लिनिक स्थापना गरिएको छ।

बागलुङ नगरपालिका, नारायणस्थान स्वास्थ्य चौकी फेयरमेड, नेपाल गाजा डेभलपमेन्ट फाउन्डेसन,सम्बोधन परियोजना, कैया टोल विकास संस्था, शिवा प्राथमिक विद्यालय र टोल विकास संस्था, व्यक्तिगत सहयोगका साथैस्थानीय समाजसेवीहरूको सहयोगमा क्लिनिक स्थापना भएको हो । शुक्रबारदेखि सञ्चालनमा आएको क्लिनिक रु एक लाख नौ हजारको लागतमा स्थापना गरिएको वडाध्यक्ष चक्रबहादुर खत्रीले जानकारी दिनुभयो। औषधि र जनशक्ति भने बागलुङ नगरपालिकाले उपलब्ध गराउने उहाँले बताउनुभयो।

गाउँघर स्वास्थ्य क्लिनिक सञ्चालनका लागि नगरपालिकाको १५ हजार ४०० रूपैयाँ, नारायणस्थान स्वास्थ्य चौकीको २८ हजार २३०, नेपाल गाजा डेभलपमेन्ट फाउन्डेसन सम्बोधन परियोजनाको २७ हजार ४४५, टोल विकास संस्थाको १० हजार ५०० र टोल विकास संस्थाका अध्यक्ष होमनाथ ढकालको व्यक्तिगत १८ हजार सहयोग गर्नुभएको थियो।

यसैगरी, प्रगतिशील स्वास्थ्य आमासमूहको चार हजार २०० स्थानीय समाजसेवी गौरबहादुर पौडेल र उहाँकी धर्मपत्नी भद्रकला पौडेलको चार हजार ५००, स्थानीय मनकुमारी थापाको एक हजार २००, शिव प्राथमिक विद्यालयमा रहेको भवनको एक कोठाको सहयोग गरी एक लाख नौ हजार ४७५ लागत साझेदारी कार्यक्रममार्फत क्लिनिकको सञ्चालनमा ल्याइएको हो । गाउँघर क्लिनिकलाई व्यवस्थित र नियमित रूपमा सञ्चालन गर्न सङ्घसंस्थाबीच सम्झौतापत्रमा हस्ताक्षर गरिएको छ।

बागलुङ नगरपालिका स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनालले कर्मचारीबाहेकका सबै व्यवस्थापकीय काम औषधि, उपकरण र आवश्यकताअनुसारका अन्यकुरामानगरपालिकालेसहयोग गर्नेप्रतिबद्धताजनाउनुभएकोथियो।

# गोठाला बेँसी झरेपछि भल्कोटमा बढ्यो चहलपहल

पोखरापत्र संवाददाता
बागलुङ, १५ कार्तिक

यति बेला बागलुङको निसीखोला गाउँपालिका-६ भिबाङमा बारीभरि चर्दै गरेका गाईगोरु, भैंसी र सेताम्य भेडाका भेटिन्छन्। छेउमै बसेर गन्थनमन्थन गर्दै हुन्छन् गोठाला । करिब चार महिना लेकमा बसेर आएका गोठाला गाउँघरका आफन्तसँग भेटा हुँदै निकै खुसी छन्। लेकबाट गोठ झारेपछि भल्कोट क्षेत्रमा गोठाला र बस्तुभाउको चलहपलह बढेको छ।

गाई, भैंसी, भेडा र बाख्राले भल्कोटका बारी तथा खर्कहरू ढाकिएका छन् । हरेक वर्ष जेठ/असारमा लेक चढ्ने र असोजमा बेँसी झर्ने स्थानीयको परम्पराअनुसार यस वर्ष पनि गोठाला बेँसी झरेपछि भल्कोटमा चहलपहल बढेको हो । एकै परिवारले सयौंको सङ्ख्यामा बस्तुभाउ पाल्ने हुँदा गोठाला गुमती बसाइँ बस्छन्।

बर्खाभरी लेक क्षेत्र बागलुङ, रोल्पा र पूर्वी रुकुमको सिमाना पातिहाल्ने, रिग, तिलाचन, खानीखोला क्षेत्रमा बसेका गोठलाहरू अहिले बेँसी क्षेत्र भर्कोबाङ, भल्कोट,



मोराखोला, भिबाङलगायतका क्षेत्रमा छन्। अब यी क्षेत्रमा गहुँ, जौं छरेपछि खर्चन र गुम भन्ने ठाउँमा जाने स्थानीय मनबहादुर बोहराले बताउनुभयो। गोठालाहरू सुरुमा लेकबाट भर्कोबाङमा झर्ने र त्यहाँ गहुँ, जौं छरेपछि विस्तारै अन्य ठाउँमा जाने उहाँको भनाइ छ। अबको करिब १५ दिन भल्कोट क्षेत्रमा बस्ने र त्यसपछि गुम, खर्चनलगायतका ठाउँमा गोठ सार्ने बोहराले बताउनुभयो।

"यो त हाम्रो परम्पराजस्तै हो, यति धेरै सम्पत्ति एकै ठाउँमा पाल्न सकिँदैन, बर्खामा लेक, हिउँदमा बेँसी गरेर पाल्नुपर्छ, हाम्रो पाकापुर्खाहरूले त्यही गरे, हामीहरूले पनि त्यही नै गर्दै आएका छौं, तर पछिल्लो समय पहिलेको जस्तो अवस्था छैन", बोहराले भन्नुभयो, "अहिले त धेरैले बस्तुभाउ पाल्न कम गरेका छन्, पहिले-पहिले त एउटै घरमा पाँच/सात सय डिङ (बस्तुभाउ) हुन्थे, अहिले त धेरै कम भएका छन् ।" स्थानीय ढालेन्द्र घर्ती मगरले आफूहरू असोज तेस्रो साता मात्रै बेँसी झरेको सुनाउनुभयो । भल्कोटका बारीमा गहुँ छरेपछि बस्तुभाउलाई अन्तै लैजाने उहाँको भनाइ छ । लेकमा बस्दा धेरै गोठालाहरूले एकै ठाउँमा भेडाबाख्रा र गाईभैंसी राख्ने गरेको भन्दै बेँसी झरेपछि छुट्टै बाँध्ने उहाँले बताउनुभयो। बेँसीमा आ-आफ्नो बारीमा बाँध्ने हुँदा बारीभरि बस्तुभाउ देखिने घर्ती मगरको भनाइ छ। पहिले आफ्ना झण्डै १०० गाई गोरु रहेको भन्दै अहिले धेरै कम भएको उहाँले सुनाउनुभयो।

घर्ती मगरले भन्नुभयो, "बस्तुभाउ पाल्ने धेरै गाह्रो छ, एकै ठाउँमा राखेर पाल्न सकिँदैन, वर्षभरि चरनका लागि ठाउँठाउँमा पुग्नुपर्छ, गोठ सार्ने, पशुचौपाया सार्ने, घाँस काट्नै पऱ्यो, पहिले हाम्रा अग्रजहरूलाई झन कति गाह्रो थियो होला ?, त्यस बेला त अहिलेको भन्दा धेरै पाल्थे, यहीबाट खान लाउन पुगे त हुन्थ्यो पुग्दैन, अरु दुःख पनि गर्नुपर्छ।"

यस क्षेत्रका किसानले सयौं पशुचौपाया पाल्दै आए पनि व्यावसायिक बन्न सकेका छैनन् । स्थानीय कुम्भीरा मगरले आफ्ना ५१ वटा गाई रहेको सुनाउँदै यसबाट जीविकोपार्जन हुन नसकेको बताउनुभयो । घरमा पहिलेदेखि नै गाई पाल्दै आएको हुँदा आफूहरूले निरन्तरता दिँदै आएको बताउनुभयो । गाई धेरै पाल्दा बारीमा मल हुने उहाँको भनाइ छ। वर्षमा रु २० हजारको दूध, घ्यूसमेत बिक्री गर्न नसकेको मगरले सुनाउनुभयो।

# समयमा काम नहुँदा करोडौँका योजना फिर्ता

पोखरापत्र संवाददाता
बागलुङ, १५ कार्तिक

विकासे योजनामा बजेट पारिदिएको भन्दै सङ्घ र प्रदेश सांसदले सामाजिक सञ्जालमा पोष्ट्याएर जस लिने होडबाजी गर्छन् र जनताको बधाईसमेत खान भ्याउँछन्। तर, ती योजना कार्यान्वयनको अवस्था र विनियोजित बजेट सदुपयोग भए-नभएबारे बेवास्ता गर्दा गत आर्थिक वर्षमा झण्डै रु डेढ अर्ब बजेट फ्रिज भयो।

जिल्ला तहमा वर्षको एकपटक हुने विकास निर्माणको वार्षिक समीक्षा बैठकमा समेत सांसद उपस्थित हुँदैनन्। सांसदहरूले कुन योजना सञ्चालनमा आयो, कुन सञ्चालन भएन भन्ने हेक्का नराख्दा बर्सेनि करोडौँका योजना अलपत्र पर्ने गरेका छन् । सरोकारवाला सांसदले चासो नलिएपछि जिल्ला समन्वय समितिमार्फत गरिएका अनुगमनले भने बिग्रन लागेका पूर्वाधार निर्माणका काम भने सुधार आएको छ।

"मसमेत रहेको अनुगमन समितिका सांसदले एकपटक पनि योजनाहरूको अनुगमन नहुँदा कतिपय योजनाको वास्तविकता थाहा नै पाउन सकिएको छैन", जिल्ला समन्वय समिति बागलुङका प्रमुख अमरबहादुर थापाले भन्नुभयो, "के प्रयोजनका लागि अनुगमन समिति बनेको हो भन्नेसमेत जनप्रतिनिधिलाई बुझाउन सकिएन ।" अनुगमन समिति सक्रिय नहुँदा धेरै योजनाको गुणस्तर परीक्षणमा समेत असर परेको थापाको भनाइ छ। जिल्ला समन्वयले आयोजना गरेको तीनदिने वार्षिक समीक्षामा जिल्लाको प्रतिनिधित्व गर्ने तीन जना सङ्घीय सांसद र ११ जना प्रदेश सांसदमध्ये गण्डकी प्रदेशका सांसद दीपेन्द्रबहादुर थापामात्रै तीन दिन उपस्थित हुनुभएको थियो। सङ्घीय सांसद देवेन्द्र पौडेल, प्रदेश सांसदद्वय डिल्लीराम सुवेदी र कुशुम बुढा मगर उद्घाटन कार्यक्रममा मात्रै सहभागी भएको समन्वय प्रमुख थापाले बताउनुभयो। कार्यक्रममा अनुपस्थित सांसद र स्थानीय तहका प्रमुखले समीक्षाबारे बुझ्ने प्रयाससमेत नगरेको थापाको गुनासो थियो। जिल्लाभित्र छवटा गैरसरकारी संस्थाले पनि विकास निर्माण, सामाजिक विकास तथा अन्य क्षेत्रमा काम गरेको प्रतिवेदन बुझाएका छन् । उनीहरूले कृषि, जलवायु परिवर्तन, स्वास्थ्य र पर्यटनको क्षेत्रमा काम गरेका हुन् । स्थानीय तहले भने प्रगति प्रतिवेदनसँगै प्रस्तावित रकमअनुसार विकास प्राप्त गर्न नसकेको र त्यसका लागि दक्ष जनशक्ति अभावसमेत देखाएका छन्। त्यस्तै बसाइँसराइ, सडकका कारण बाढीपहिरो निम्तेको, अख्तियारीअनुसारको बजेट पाउन नसक्नुजस्ता समस्या देखाएका छन् । जनप्रतिनिधिकै बेवास्ताले जिल्लाका लागि विनियोजित रु एक अर्ब ३३ करोड ८० लाख बढी बजेट खर्च हुन नसकेर फिर्ता भएको छ । सङ्घ र प्रदेश सरकारबाट प्राप्त रु १२ अर्ब ४७ करोड ८५ लाख बजेट प्राप्त भएको हो। आर्थिक वर्ष २०८१/०८२ मा सङ्घबाट प्राप्त रु १० अर्ब २८ करोड ६१ लाख २६ हजारमध्ये रु नौ अर्ब २७ करोड ९३ लाख २७ हजार खर्च हुँदा रु एक अर्ब ६७ लाख ७८ हजार फिर्ता भएको छभने प्रदेशबाट जिल्लालाई रु दुई अर्ब १९ करोड २४ लाख बजेट आएकोमा रु एक अर्ब ९६ करोड १२ लाख १५ हजार खर्च भई रु ३३ करोड १२ लाख फिर्ता भएको छ।